June 23, 2026

राष्ट्रीय समाचार

<u>मुख्य समाचार</u>

१. राष्ट्रपतिद्वारा आज एक सय एक्तीस पद्म पुरस्कार प्रदान

२. उपराष्ट्रपति र प्रधानमन्त्रीले डा. श्यामाप्रसाद मुखर्जीको शहीद दिवसमा गर्नुभयो श्रद्धाञ्जली अर्पण

३. भारत र संयुक्त राज्य अमेरिका बीच आज उच्चस्तरीय व्यापार वार्ता सुरु

४. हक्कीमा, भारतीय पुरुष हक्की टोलीको आज पाकिस्तानसँग खेल

<u>Prez- Padma Awards</u>

राष्ट्रपति द्रौपदी मुर्मुले आज साँझ राष्ट्रपति भवनमा आयोजित दोस्रो नागरिक सम्मान समारोहमा पद्म पुरस्कार प्रदान गर्नुभयो। देशको सर्वोच्च नागरिक पुरस्कार मध्ये एक पद्म पुरस्कार, पद्म विभूषण, र पद्म श्री - तीन विधामा प्रदान गरिन्छ। पत्रकार पी. नारायणनलाई साहित्य र शिक्षा विधामा पद्म विभूषण र पूर्व न्यायाधीश K.T Thomas-लाई सामाजिक कार्यमा पद्म विभूषण र पूर्व टेनिस खेलाडी विजय अमृतराज, अभिनेता Mamootty र पार्श्व गायिका अलका याग्निकलाई पद्म भूषण पुरस्कार प्रदान गरिएको छ। यस वर्ष सरकारले कुल एक सय एक्तीस पद्म पुरस्कार घोषणा गरेको थियो जसमा पाँच पद्म विभूषण, तेह्र पद्म भूषण र एक सय तेह्र पद्म श्री पुरस्कार समावेश छन्। पद्म पुरस्कार देशको सर्वोच्च नागरिक पुरस्कारहरू मध्ये एक हो। यो पुरस्कार कला, साहित्य, शिक्षा, खेलकुद, चिकित्सा, सामाजिक कार्य, विज्ञान र इन्जिनियरिङ, सार्वजनिक मामिला र व्यापार तथा उद्योग लगायत विभिन्न क्षेत्र र विषयहरूमा विशिष्ट र असाधारण उपलब्धिहरूको लागि प्रदान गरिन्छ।

<u>Akashvani-People’s Padma</u>

आकाशवाणीले आफ्नो शृङ्खला, पिपुल्स पद्म अन आकाशवाणीको एक भागको रूपमा विशेष कार्यक्रमहरू प्रसारण गर्दैछ। यी एपिसोडहरू मार्फत श्रोताहरूले पद्म पुरस्कार

विजेताहरूको जीवन र योगदानको बारेमा अन्तर्दृष्टि प्राप्त गर्नेछन्। कार्यक्रमहरू आज एक सय दशमलव एक आकाशवाणी गोल्डमा प्रसारण हुँदैछ। यी कार्यक्रमहरू आकाशवाणी को न्यूज अन AIR एप र न्यूज अन AIR आधिकारिक युट्युब च्यानलमा पनि सुन्न सकिन्छ।

## VP and PM- Syama Prasad

उपराष्ट्रपति सीपी राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदीले डा. श्यामाप्रसाद मुखर्जीलाई उहाँको शहीद दिवसमा श्रद्धाञ्जली अर्पण गर्नुभएको छ। उपराष्ट्रपतिले सामाजिक सञ्जाल पोस्टमा. डा. मुखर्जीलाई एक दूरदर्शी नेता, प्रख्यात शिक्षाविद् र कट्टर देशभक्तको रूपमा वर्णन गर्नुभएको छ। प्रधानमन्त्री मोदीले पनि सामाजिक सञ्जाल पोस्टमा, डा. मुखर्जीले आफ्नो जीवन देशको विकासमा समर्पित गरेको र उहाँको अटल विश्वास, सार्वजनिक जीवनमा साहस र राष्ट्रिय हितप्रतिको प्रतिबद्धताले पुस्तौं-पुस्तालाई प्रेरणा दिइरहेको बताउनुभयो।

## PM-Nagrik Devo Bhava

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा विभिन्न मन्त्रालय र विभागहरूमा सहायक सचिवको रूपमा संलग्न दुई हजार चौबीस ब्याचका एक सय तिरासी जना IAS अधिकारी प्रशिक्षार्थीहरूसँग अन्तरक्रिया गर्दै 'नागरिक देवो भव' मा जोड दिनुभयो। उहाँले अधिकारीहरूलाई नागरिकहरूलाई शासनको केन्द्रमा राख्न र युवा निजामती कर्मचारीहरूलाई विकसित भारत at दुई हजार सर्चालिस तर्फ भारतको यात्राको नेतृत्व गर्न आह्वान गर्नुभयो।

## India BRICS MoU USA and Iran

भारतले संयुक्त राज्य अमेरिका र इरानबीच भएको समझदारी पत्र को स्वागत गरेको छ। नयाँ दिल्लीमा सोह्रौं ब्रिक्स राष्ट्रिय सुरक्षा सल्लाहकार बैठकलाई सम्बोधन गर्दै राष्ट्रिय सुरक्षा सल्लाहकार -NSA अजित डोभलले यस विकासले विश्वभर ऊर्जा सुरक्षालाई बलियो बनाउने बताउनुभयो।

## India-US

भारत र संयुक्त राज्य अमेरिकाले आज उच्चस्तरीय व्यापार वार्ता सुरु गरेका छ। यस वर्षको सुरुमा अमेरिकी भन्सार नीतिमा परिवर्तनले वार्ताको ढाँचामा बाधा पुऱ्याएपछि प्रस्तावित द्विपक्षीय व्यापार सम्झौतालाई बचाउन र पुनर्मूल्यांकन गर्न वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले नयाँ दिल्लीमा संयुक्त राज्य अमेरिकाका व्यापार प्रतिनिधि जेमिसन ग्रीर र भारतका लागि अमेरिकी राजदूत सर्जियो गोरसँग भेट गर्नुभएको छ। दुवै पक्षले व्यापारिक साझेदारहरूबाट आयातमा वाशिंगटनको अस्थायी दस प्रतिशत भन्सारको म्याद समाप्त हुने मिति- जुलाई चौबिस अघि अन्तरिम व्यापार सम्झौता सम्पन्न गर्ने लक्ष्य राखेका छन्। छलफलहरू फेब्रुअरीमा घोषणा गरिएको रूपरेखा सम्झौतालाई परिमार्जन गर्ने कुरामा केन्द्रित थिए भने, मूल रूपरेखा राष्ट्रपति डोनाल्ड ट्रम्पले घोषणा गरेको व्यापक भन्सार शुल्क खारेज गरेपछि अनिश्चित बनेको ट्यारिफ प्रतिबद्धताहरूमा आधारित थियो।

## MEA Briefing

विदेश मन्त्रालयले आज दशवटा भारतीय झण्डा भएको जहाजहरू अझै पनि फारसी खाडी क्षेत्रमा रहेको जानकारी गराएको छ। मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले संयुक्त राज्य अमेरिका र इरान बीचको सम्झौता पत्रमा हस्ताक्षर भएदेखि, एघार भारतीय जहाजहरूले Strait of Hormuz पार गरेको बताउनुभयो। यसका साथै श्री जयसवालले कतारको विस्फोटमा बाह्र भारतीय नागरिकको मृत्यु भएको जानकारी दिनुभयो। उहाँले मृतकहरूको पार्थिव शरीर फिर्ता गर्ने प्रक्रियालाई तीव्र बनाउन भारतले कतार सरकारसँग नजिकबाट समन्वय गरिरहेको बताउनुभयो।

## Lucknow-SIT

लखनऊमा हिजो पन्ध्र जनाको मृत्यु भएको ठूलो आगलागीमा फोरेन्सिक विज्ञान प्रयोगशालाका विज्ञहरू र विशेष अनुसन्धान टोलीका सदस्यहरू सम्मिलित संयुक्त टोलीले आज घटनास्थलको जाँच गरेको छ।

## NITI AAYOG Report

नीति आयोगका उपाध्यक्ष डा. अशोक कुमार लाहिरीले आज नयाँ दिल्लीमा ट्रेड वाच त्रैमासिक प्रतिवेदनको पछिल्लो संस्करण जारी गर्दै गत त्रैमासिकमा भारतको कुल व्यापार पाँच दशमलव चार प्रतिशतले बढेको बताउनुभयो। उहाँले पश्चिम एसियाको अवस्थाको बारेमा कुरा गर्दै संकट अस्थायी भएको र चाँडै नै विश्वमा शान्ति कायम हुने आशा व्यक्त गर्नुभयो।

## Hockey

हक्कीमा, भारतीय पुरुष हक्की टोलीले आज FIH प्रो लिगको उद्घाटन खेलमा चिरप्रतिद्वन्द्वी पाकिस्तानसँग खेल्नेछ। यो दुई हजार चौबीसमा चीनको हुलुनबुइरमा भएको एसियाली च्याम्पियन्स ट्रफीको भिडन्त पछि भारत र पाकिस्तान बीचको पहिलो भिडन्त हुनेछ, जहाँ भारतले दुई-एक को जित हासिल गरेको थियो।

## FIFA

फिफा विश्वकपमा आज समूह चरणका खेलहरूमा टोलीहरू नकआउट चरणमा स्थान बनाउन प्रतिस्पर्धा गर्नेछन्। समूह K मा, पोर्चुगलले अमेरिकाको ह्युस्टनमा उज्बेकिस्तानको सामना गर्नेछ। खेल राति दस तीस बजे सुरु हुनेछ। समूह L मा, इङ्गल्याण्डले बिहान एक तीस बजे अमेरिकाको बोस्टनमा हुने बहुप्रतिक्षित खेलमा घानाको सामना गर्नेछ। समूह L को अर्को खेलमा, क्रोएसियाले बिहान चार तीस बजे क्यानडाको टोरन्टोमा पानामासँग खेल्नेछ। अनि, कोलम्बियाले भोलि बिहान सात तीस बजे समूह K को खेलमा डीआर कंगोसँग खेल्नेछ।